# बर्दगोरिया गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन ऐन, २०८१

# बर्दगोरिया गाउँपालिकाको दिसाजन्य लेदो व्यवस्थापन ऐन, २०८१

# बर्दगोरिया गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन ऐन, २०८१

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको उपधारा ४ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुने अधिकार प्रत्याभूत गरेको छ। साथै संयुक्त राष्ट्रसंघको सन् २०३० सम्ममा दिगो विकास लक्ष्य नं. ६) मा सबैको निम्ति खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने राष्ट्रिय तथा देशव्यापी लक्ष्य रहेको छ। सो लक्ष्य हासिल गर्न र गाउँपालिकाको विकासमा सकारात्मक परिवर्तन पुऱ्याउनुका साथै जनस्वास्थ्यमा अपेक्षित सुधार पुऱ्याउनु पनि मुख्य उद्देश्य रहेको छ। यी उद्देश्यहरू प्राप्त गर्नका लागि सुरक्षित खानेपानी, उचित सरसफाइ तथा स्वच्छताका सेवाहरूको उपलब्धता, पऱ्याप्तता, सुनिश्चितता तथा सुलभ रूपमा पहुँच बढाउनु यसका आधारभूत आवश्यकताहरू हुन्।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३ को दफा ११ उपदफा (२) वुँदा नं "झ" मा आधारभूत स्वास्थ्य र सरसफाइ र वुँदा नं "ध" को १ र २ नम्वरमा स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन बनाइ बर्दगोरिया गाउँपालिकाका संपूर्ण घर धुरीमा स्वच्छ खानेपानी व्यवस्थापन गर्न वाञ्छनीय भएकोले बर्दगोरिया गाउँपालिकाले बर्दगोरिया गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन ऐन, २०८१ जारी गरेको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम बर्दगोरिया गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन ऐन, २०८१ रहेको छ ।

(२)यो ऐन गाउँपालिकाको स्थानीय राजपत्रमा सूचना प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

## परिभाषा

२. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) **"आयोजना"** भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छत्ता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्दछ ।

(ख) **"उपभोक्ता"** भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्दछ ।

(ग) **"उपभोक्ता संस्था"** भन्नाले सामुदायिक रूपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्दछ ।

(घ) **"अनुमति पत्र"** भन्नाले सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सेवा प्रदायकलाई गाउँपालिकाबाट दिइएको अनुमति पत्र सम्झनु पर्दछ ।

(ङ) **"अनुमतिपत्र प्राप्त संस्था"** भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न गाउँपालिकाबाट अनुमति प्राप्त गरेको संगठित संस्था सम्झनु पर्दछ ।

(च) **"मुहान वा स्रोत"** भन्नाले भू–सतह वा भूमिगत रूपमा रहेको प्राकृतिक पानीको स्रोत वा मुहान सम्झनु पर्दछ ।

(छ) **"पानीको स्रोत वा खानेपानीको स्रोत"** भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, नाला, ताल, तलैया, पोखरी, सिमसार, कुवा, कुण्ड, मुहान तथा मूल जस्ता सतहि वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकासे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचना समेतलाई जनाउँछ ।

(ज) **"खानेपानी तथा सरसफाइ उपभोक्ता समिती"** भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरूले उपभोक्ता संस्थाको रूपमा

रहेको सामुदायिक संस्थाको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समिति सम्झनु पर्दछ ।

(झ) **"खानेपानीको संस्थागत उपयोग"** भन्नाले सरकारी, सार्वजनिक, व्यवसायिक वा ब्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउछ ।

(ञ) **"खानेपानीको औद्योगिक उपयोग"** भन्नाले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजनको लागी पानीको उपयोगलाई जनाउछ ।

(ट) **"गुणस्तरिय खानेपानी"** भन्नाले मानव तथा पशुस्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्छ र सो शब्दले मानव स्वस्थ्यलाई हानी गर्ने भौतिक, जैविक र रासायनिक पदार्थहरु नरहेको पानी समेतलाई जनाउछ ।

(ठ) **"खानेपानी सेवा"** भन्नाले खानेपानीको सञ्चय, स्थानान्तरण तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगका लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रूपमा खानेपानी उपलव्ध गराउने कार्य समेत सम्झनु पर्दछ ।

(ड) **"ढल निकास"** भन्नाले मानव मलमुत्र सहित वा रहित फोहर पानीलाई सतहि वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकावाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्छ ।

(ढ) **"शौचालय"** भन्नाले मानव मलमुत्र सुरक्षितरुपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा सहितको संरचनालाई जनाउछ ।

(ण) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियम निर्देशिकामा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(त) **"फोहरपानी"**भन्नाले घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमुत्र सहित वा रहितको फोहरपानी सम्झनु पर्छ । र सो शब्दले फोहरपानी संग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउछ ।

(थ) **"दिगो उपयोग"** भन्नाले खानेपानी जलस्रोत जलिय पारिस्थितिकीय प्रणाली र यिनका अवयवहरु दिर्घकानिन रुपमा नघट्ने र पूर्ववत अवस्थामा रहनसक्ने तथा दिर्घकालिन रुपमा सञ्चिती कायम गर्न सक्ने सीमाभित्र रहनेगरी गरिएको सदुपयोग सम्झनु पर्छ ।

(द) **"व्यवस्थापन समिति"** भन्नाले दफा ६ बमोजिमको गाउँपालिका स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ध) **"स्वच्छता"** भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, सावुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाइ कायम गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँछ ।

(न) **"पानी आपूर्तिकर्ता"** भन्नाले यस ऐन बमोजिम उपभोक्तालाई खानेपानी आपूर्ति गर्ने अनुमति प्राप्त उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त निजी संस्था वा व्यक्ति सम्झनु पर्दछ ।

(प) **"खानेपानीको सार्वजनिक उपयोग"** भन्नाले सार्वजनिक रूपमा जडान भएका धाराबाट उपभोक्ताका लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोग समेत सम्झनु पर्दछ ।

(फ) **"सरसफाइ सेवा"** भन्नाले व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाइ सेवा जनाउँछ ।

(ब) **"कण्टेनर"** भन्नाले ठोस फोहरमैला संकलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, बाकस, बाल्टिन वा यस्तै प्रकारको अन्य वस्तु सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउछ ।

(भ) **"ढुवानी"** भन्नाले संकलित फोहरमैला उत्पादन स्थलबाट संकलन केन्द्र र संकलन केन्द्रबाट स्थानान्तरण केन्द्र सम्म वा स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन स्थल वा गाउँपालिकाले तोकेको स्थान सम्म लैजाने कार्य सम्झनु पर्छ ।

(म) **"निकाय"** भन्नाले बर्दगोरिया गाउँपालिका अन्तर्गतका जुनसुकै निकाय वा कार्यालय, प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतका कार्यालयहरु सम्झनु पर्छ ।

(य) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले बर्दगोरिया गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(र) **"प्रशोधन"** भन्नाले फोहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगि वस्तु तयार गर्ने मल, ग्याँस, उर्जा वा अन्य वस्तु उत्पादन.गरी फोहरमैला व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(ल) **"फोहरमैला"** भन्नाले घरेलु औद्योगिक, रासायनिक, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानीकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका फालिएका वा सडेगलेका वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्याँस, लेदो, धुवाँ, धुलो विद्युतिय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामाग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा

टासिएका पोष्टर ,पम्पलेट र गाउँपालिकाले समय समयमा स्थानिय राजपत्रमा सूचना प्रकाशन गरि फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

(ल) **"फोहरमैला व्यवस्थापन स्थल"** भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नका लागि गाउँपालिकाले तोकेको स्थल सम्झनु पर्छ ।

(व) **"फोहरमैला संकलन"** भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने घर –घर, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसरबाट संकलन गर्ने सार्वजनिक स्थानमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट निकाली संकलन गर्ने कार्य सम्झनु पर्छ ।

(श) **"संरचना"** भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा विस्तारका लागी निर्माण गरिएका आवश्यक संरचनाहरुलाई सम्झनु पर्दछ ।

(ष) **"सेवा क्षेत्र"** भन्नाले उपभोक्ता संस्थाले वा अनुमति प्राप्त संस्थाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन र व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको क्षेत्र सम्झनु पर्छ ।

(स) **"सामान्य मर्मत"** भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा विस्तारका लागी निर्माण गरिएका संरचनाहरुको सामान्य मर्मत सम्झनु पर्दछ ।

(ह) **"निरीक्षक"** भन्नाले यसै ऐनको दफा ६० बमोजिम तोकिएको खानेपानी निरीक्षक सम्झनु पर्दछ ।

(क्ष) **"सेवा शुल्क"** भन्नाले सेवा उपभोग गरे बापत उपभोक्ताले पानी आपूर्तिकर्तालाई बुझाउनु पर्ने महशुल वा सेवा शुल्क सम्झनु पर्दछ ।

(त्र) **"गाउँपालिका"** भन्नाले बर्दगोरिया गाउँपालिकालाई जनाउनेछ ।

(ज्ञ) **"कोष"** भन्नाले गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कोष लाई सम्झनु पर्छ ।

## परिच्छेद २

## खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार र खानेपानी प्रणाली सम्बन्धी व्यवस्था

### ३. खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार :

१. यस गाउँपालिकामा रहेका प्रत्येक नागरिकलाई विना भेदभाव स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ.पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानुन बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गरिनेछ।

२. उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत यस गाउँपालिकामा प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ।

(क) उपभोक्ता संस्था स्थापना गर्ने अधिकार र स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार,

(ख) नियमित रूपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रूपमा पहुँचको अधिकार।

३. यस गाउँपालिकाले आफनो क्षेत्रमा रहेका खानेपानी आपूर्तिकर्ताहरुले आपूर्ति गर्ने खानेपानीको सुविधास्तर, गुणस्तर निर्धारण गर्न सक्नेछ र यस प्रयोजनका लागि गाउँपालिकाले नियमन गर्नेछ।

### ४. खानेपानीका स्रोतमाथिको अधिकार:

१. यस गाउँपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गरिनेछ।

२. प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र अन्य प्रयोजनका लागि प्रयोग गर्नुपर्नेछ।

४. कुनैपनि खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, बस्ती, समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ।

५. खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकुल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा गाउँपालिकाको सहमति लिनु पर्नेछ।

६ कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्वारा सञ्चालित वा परम्परागत रूपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ।

**५. पानीको स्रोत तथा मुहानको संरक्षण:**

क) खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सरोकारवाला सबैको कर्तव्य हुनेछ।

ख) यस गाउँपालिकामा रहेका खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागि गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाको समन्वयमा देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ

१) खानेपानीको प्रयोजनका लागि निर्माण गरिएका कुनै पनि प्रकारका धाराहरुबाट पानी प्रयोग गर्ने समयमा बाहेक अन्य समयमा पानी खेर फाल्नबाट रोक्ने,

२) खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

३) खानेपानीको संरक्षण र संमुचित उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरुलाई सचेतना अभिवृद्धि गर्ने।

४) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण तथा आगलागी नियन्त्रण गर्न उपभोक्ताहरुलाई प्रोत्साहन गर्ने।

५) खानेपानीको मूहान वा वहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्नेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने।

## परिच्छेद - ३

## खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**६. गाउँपालिकास्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति:**

खानेपानी उपभोक्ता समिति दर्ता गर्न, उपभोक्ता समितिको विधान स्वीकृत गर्न, संशोधन गर्न, उपभोक्ता समितिहरू गाभिएर नयाँ बन्न स्वीकृति दिन, पानीको उपयोगको प्राथमिकता तोक्न, पानीमा आधारित व्यवसाय सञ्चालनको स्वीकृति दिन, खानेपानी तथा मुहान सम्बन्धी विवाद मिलाउन, उजुरी उपर कारवाही गर्न, सेवा शुल्क तथा महसुल स्वीकृत गर्न तथा यस ऐन बमोजिमका अन्य अधिकार प्रयोग गर्न देहाय बमोजिमको एक खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति रहनेछ।

क) अध्यक्ष- गाउँपालिका अध्यक्ष

ख) सदस्य - गाउँपालिका उपाध्यक्ष

ग) सदस्य - वडा अध्यक्षहरु मध्ये अध्यक्षले तोकेको एक जना

घ) सदस्य - सामाजिक विकास शाखाका संयोजक

ङ) सदस्य - महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख

च) सदस्य - स्वास्थ्य शाखा प्रमुख

छ) सदस्य - पूर्वाधार शाखा प्रमुख

ज) सदस्य- खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई सम्पर्क व्यक्ति

झ) सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत

१. समितिको बैठक समितिका अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ।

२. समितिका सदस्यको ५१ प्रतिशत उपस्थिति भएमा समितिको बैठक बस्न गणपूरक संख्या पुगेको मानिनेछ।

३. कुनै विषयमा निर्णय गर्नु पर्ने भएमा समितिको उपस्थित सदस्य संख्याको बहुमत सदस्यहरूको मतलाई व्यवस्थापन समितिको निर्णय मानिनेछ।

४. यस समितिको बैठक सम्बन्धी अन्य कार्यविधी समितिले तोके बमोजिम हुनेछ।

५. समितिको निर्णय समितिका सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

६. समितिको कार्यालय बर्दगोरिया गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ।

७. बर्दगोरिया गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा सम्पूर्ण कार्य गर्नका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्नु पर्नेछ।

८. यस समितिमा, समितिले आवश्यक देखेमा गाउँपालिकाका प्राविधिक, विषयगत शाखा प्रमुखहरू, सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधि, छिमेकी पालिकाका प्रतिनिधि, विशेषज्ञ आदिलाई आमन्त्रित गर्न सक्नेछ।

## परिच्छेद ४

### ७. खानेपानी सरसफाइ तथा स्वच्छता आयोजना र संरचनाको हस्तान्तरण:

१) बर्दगोरिया गाउँपालिका क्षेत्र भित्र निर्माण भएका सार्वजनीक खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि आयोजनाहरुको स्वामित्व गाउँपालिकाको हुनेछ । सो सम्बन्धी संरचनाहरुको दिगो सञ्चालन व्यवस्थापनका लागि खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई कार्यविधि अनुसार करार सम्झौता गरी हस्तान्तरण गर्न सकिनेछ ।

## परिच्छेद ५

## खानेपानीको प्राथमिकता, मूल दर्ता तथा स्वामित्व

### ८. खानेपानीको स्रोतको स्वामित्व:

१ यस बर्दगोरिया गाउँपालिका भित्र रहेको खानेपानीका स्रोतहरुको स्वामित्व गाउँपालिकामा निहित रहनेछ ।

### ९. खानेपानी उपयोग:

१. यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि खानेपानी प्रणाली सञ्चालन गर्न पाउने छैन ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम खानेपानीको उपयोग गर्न अनुमति पत्र लिनु पर्ने छैन ।

(क) व्यक्तिगत रूपमा खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न,

(ख) जग्गा धनीले आफ्नो जग्गा भित्र मात्र सिमित रहेको खानेपानी तोकिए बमोजिम उपयोग गर्न ।

३. खानेपानी उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

### १०. खानेपानी उपयोगको प्राथमिकता क्रम:

१. खानेपानी उपयोग गर्दा साधारणतयाः देहायको प्राथमिकता क्रम अनुसार गर्नु पर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग

(ख) सिँचाई

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग

(घ) अन्य

**११. खानेपानी प्रणाली संञ्चालनको लागि अनुमतिः**

१. कुनै प्राकृतिक पानी (भूमिगत, ताल, खोला) को स्रोतबाट संकलन गरि खानेपानी व्यवस्थापन गर्न चाहने संगठित संस्थाले गाउँपालिका कार्यालयमा खानेपानी प्रणाली सञ्चालनको लागि अनुसूची १ बमोजिम दरखास्त दिई अनुसूची २ बमोजिम अनुमति पत्र लिनु पर्नेछ।

२. परम्परादेखि नै समुदायले प्रयोग गरिरहेको निजी जग्गामा रहेको पानीको मूलमाथि जग्गा धनीले समुदायले प्रयोग गर्न नमिल्ने गरि बन्देज लगाउन पाइने छैन।

३. संघीय तथा प्रदेश कानुन बमोजिम स्वीकृति लिएर गाउँपालिका भित्र सञ्चालन हुने खानेपानीमा आधारित व्यवसाय तथा उपभोक्ता समितिले समेत गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

४. कुनै पनि स्थानमा डिप बोरिङ गरी पानीको व्यवस्थापन गर्नुपर्दा भूगर्भविद्को प्रतिवेदनका आधारमा पानीको स्रोत एकीन गरेर मात्र अनुमति दिनुपर्नेछ, साथै सो कार्य प्रारम्भ गर्नु अघि पालिकास्तरीय व्यवस्थापन समितिको सिफारिस लिएर मात्र काम गर्न सकिनेछ।

## परिच्छेद ६

## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन सम्बन्धी व्यवस्था

**१२. खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु पर्ने:**

१. गाउँपालिकाले स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ।

२. यस ऐन तथा प्रचलित कानुन बमोजिम अनुमति लिनु नपर्ने निकाय वा अनुमतिपत्र प्राप्त संगठित संस्थाले आफ्नो सेवा क्षेत्रभित्रका उपभोक्ताहरूले नियमित र न्यायोचित रूपमा खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्न पाउने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

३. आफ्नो सेवा क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा भेदभाव गर्न पाइने छैन।

४. घरायसी तथा सार्वजनिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनका लागि यस गाउँपालिकाले उपभोक्ता संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

५. यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले आपसी सम्झौता गरी घरेलु, सार्वजनिक, संस्थागत, व्यवसायिक तथा औद्योगीक प्रयोजनको लागि प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी थोक रूपमा खरिद बिक्री गर्न सक्नेछ।

६. कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा गाउँपालिका र अन्य सम्वन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ साथै मर्मत सम्भार अवधीमा खानेपानी आपूर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नुपर्नेछ।

७. अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा पानी उपयोग गरे पश्चात निष्कने फोहोर पानीको व्यवस्थापनका लागि त्यस्ता व्यवसायिक उपभोक्तासँग मापदण्ड बनाइ सो को पालनाको सम्झौता गरि सेवा प्रदान गर्नु पर्नेछ।

१३. **धारा तथा मिटर जडान :**

१. यस ऐन बमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्तले धारा तथा मिटर जडानको लागि सम्बन्धीत सेवा क्षेत्रको उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था समक्ष निवेदन दिनु पर्नेछ।

२. उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले निर्धारित शुल्क लिई समयमा नै धारा तथा मिटर जडान गरीदिनु पर्नेछ।

३. यसरी जडान गरीएको धारा तथा मिटरहरुको अध्यावधिक विवरण उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले मासिक रुपमा गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

१४. **गाउँपालिकाले खानेपानीको उपयोग वा विकास गर्न सक्ने :**

१. गाउँपालिकाले आफैँले कुनै खानेपानीको उपयोग वा विकास गर्नमा यस ऐनको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

२. कुनै व्यक्ति वा निजी संस्थाले यस ऐन बमोजिम संचालन गरेको खानेपानी र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि गाउँपालिकाले आफूले लिई विकास गर्न सक्नेछ।

३. उपदफा (२) बमोजिम आफूले लिएको खानेपानीको उपयोगसँग सम्बन्धित जग्गा, भवन, उपकरण वा संरचना बापत गाउँपालिकाले सम्बन्धित व्यक्तिलाई लागत मूल्याङ्कन गरी क्षतिपुर्ति दिन सक्नेछ।

**१५. ढल व्यवस्थापन सेवा सञ्चालन :**

१. यस ऐन बमोजिम ढल व्यवस्थापन प्रणाली को विकास तथा सञ्चालन गाउँपालिकाले गर्नेछ साथै उपभोक्ता संस्था समेतले गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा गर्न सक्नेछ।

२. उपदफा (१) बमोजिम सेवा सञ्चालन गर्दा गाउँपालिकाले उपभोक्ताबाट निर्धारित दरमा सेवा शुल्क लिन सक्नेछ।

३. कसैले पनि नेपाल सरकार, प्रदेश सरकार र यस गाउँपालिकाले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र सहित वा रहितको फोहोर पानी ढल निकास प्रणालीमा विसर्जन गर्न वा सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन पाउने छैन।

४. कसैले आफूबाट उत्सर्जित फोहोर पानी वा वस्तु ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा तोकिएको मापदण्डको सीमा भित्र रही मिसाउनु पर्नेछ।

**१६. निजी वा सार्वजनिक जग्गामा पाइप विछयाउन वा अन्य संरचना वनाउन सक्ने:**

(१) खानेपानी सेवा उपलव्ध गराउने प्रयोजनका लागि पाइपलाइन विच्छाउन सार्वजनीक जग्गा उपलव्ध नभएको अवस्थामा निजि जग्गाको पनी प्रयोग गर्न सकिनेछ।

(२) उपदफा १ बमोजिम कुनै व्यक्तिको निजी जग्गामा पाइप विछयाउन वा कुनै संरचना वनाउनु परेमा सम्बन्धित जग्गा धनीसंग उक्त जग्गा खरिद गर्न वा लिखित सम्झौता गरी लिजमा लिन वा आपसि सहमतिका आधारमा निशुल्क लिन सक्नेछ।

**१७. घरजग्गामा प्रवेश गर्न सक्ने:**

(१) पानी आपूर्तिकर्ता वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको संस्थाको पदाधिकारी वा गाउँपालिकाको पदाधिकारी वा कुनै सरकारी कर्मचारी कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ।

## परिच्छेद ७

### खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको गठन दर्ता तथा सञ्चालनः

**१७. उपभोक्ता समिति गठन गर्न सक्नेः**

१. सामूहिक लाभका लागि संस्थागत रूपमा खानेपानीको उपयोग गर्न चाहने व्यक्तिहरूले खानेपानी उपभोक्ता समिति गठन गर्न सक्नेछन।

२. समिति गठन गर्दा वडाकार्यालयको रोहवरमा हुनेछ।

**१८. प्रमाणपत्र तथा नवीकरण :**

१. नविकरणको लागि निवेदनकासाथ अनुसूची ५ मा उल्लेख गरे बमोजिमको कागजात सहित गाउँपालिका समक्ष निवेदन पेश गर्नु पर्नेछ।

२. गाउँपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी उपभोक्ता समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र अनिवार्य रूपमा पालिकाले तोकेको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ।

३. तीन महिना सम्म पनि नवीकरण नगरेमा ६ महिना भित्र नवीकरण गर्न आएमा तोकिएको जरिवाना लिई नवीकरण गर्न सकिनेछ।

४. ६ महिना सम्म पनि नवीकरण नगर्ने खानेपानी उपभोक्ता संस्थाहरुलाइ गाउँपालिकाले स्पष्टिकरण सहित नविकरणका लागी पत्राचार गर्नेछ। यसरी नविकरण गर्न आउने उपभोक्ता संस्थालाई थप जरिवाना लिई नवीकरण गरि दिन सकिनेछ।

५. उपदफा ४ बमोजिम पनी नविकरण गर्न नआउने उपभोक्ता संस्थालाई गाउँपालिकाले खारेजी गर्न सक्नेछ।

**१९. दोहोरो उपभोक्ता संस्था दर्ता नगरिने :**

१. कुनै स्रोतको उपभोग गर्न कुनै उपभोक्ता संस्था दर्ता भईसकेपछि त्यस्तो उपभोक्ता संस्थाले उपभोग गर्ने पानीको परिमाणमा कटौती हुनेगरी सोही संस्थाको कार्यक्षेत्रभित्र अर्को उपभोक्ता संस्था दर्ता गरिने छैन।

## २० . उपभोक्ता संस्था संगठित संस्था मानिने :

१. यस ऐन अन्तर्गत दर्ता भएको संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको आफ्नो एउटा छुट्टै **छाप** हुनेछ ।

२. संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट **नालिस उजुर** लाग्नेछ ।

## परिच्छेद–८

## खानेपानीको गुणस्तर, संरचनाको सुरक्षा र मर्मत संभार

## २१ . खानेपानीको गुणस्तर कायम राख्नु पर्ने :

१. आपूर्तिकर्ताले राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन अनुगमन निर्देशिका २०७९ बमोजिम निर्धारण गरेको गुणस्तरीय खानेपानी उपभोक्तालाई उपलब्ध गराउनु पर्नेछ ।

२. खानेपानी आपूर्ति कर्ताले बार्षिक रूपमा हिउँद र बर्षायाममा गरि कम्तिमा दुई पटक पानीको गुणस्तर जाँच गर्नु पर्नेछ । तर उपभोक्ताको गुणस्तर सम्बन्धि गुनासो आएमा थप जाँच गर्न सकिनेछ ।

## २२ . स्रोतलाई प्रदुषित बनाउन नहुने :

१. पानी आपूर्तिकर्ता वा अन्य जो कोही व्यक्तिले स्रोतको जलग्रहण क्षेत्र भित्र प्रदुषण हुने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरू गर्न पाइने छैन ।

## २३. वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने :

१. वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी कसैले पनी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरू गर्न पाइने छैन ।

## २४. खानेपानी प्रणालीको मर्मत:

१. उपभोक्ता संस्थाले आफ्नै स्रोत र साधनको प्रयोग गरी खानेपानी प्रणालीको सामान्य मर्मत गर्नु पर्नेछ ।

२. उपभोक्ता संस्थाले आफ्नै स्रोत र साधनले मात्र खानेपानी प्रणालीको मर्मत गर्न नसक्ने भएमा गाउँपालिका सँग समन्वय गरी खानेपानी प्रणाली मर्मत तथा विकास गर्नु पर्नेछ ।

## परिच्छेद–९

## ठोस फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

२५ ठोस **फोहरमैला व्यवस्थापन गर्ने दायित्वः**

(१) यस ऐन बमोजिम ठोस फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व गाउँपालिकाको हुनेछ।

(२) गाउँपालिकाले फोहरमैलालाई कम्तिमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम गाउपालिकाले तोकिदिए बमोजिम फोहरमैलालाई स्रोतमै छुट्याई संकलन केन्द्र सम्म पुर्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति संस्था वा निकायको हुनेछ र त्यसकोलागि गाउँपालिकाले आवश्यक प्रविधि फोहरमैला जम्मा गर्ने अलग अलग रंगका बास्केट कन्टेनर उपलव्ध गराउन सक्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि हानिकारक फोहरमैला स्वस्थ्य संस्था जन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ र उक्त फोहरमैला छुट्टाछुट्टै राख्नु पर्नेछ।

(५) कुनै उद्योग वा स्वास्थ्य संस्थाले उत्पादन गरेको हानिकारक फोहरमैला, स्वस्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला व्यवस्थापन गरिदिन गाउँपालिकालाई अनुरोध गरेमा वा व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा गाउँपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई व्यवस्थापन गरिदिन वा व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ।

२६ **फोहरमैला संकलन केन्द्र तोक्नेः**

(१) गाउँपालिकाले फोहरमैला लाई व्यवस्थित रुपमा संकलन गर्न आवश्यकता अनुसार संकलन केन्द्र तोकी कन्टेनरको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा सबैलाई पाएक पर्ने गरी वातावरणिय रुपले उपयुक्त स्थान तोक्नेछ।

२७. **फोहरमैलाको ढुवानी:**

(१) संकलन केन्द्रमा जम्मा भएको फोहरमैलालाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थल सम्म ढुवानी गर्ने दायित्व गाउँपालिका वा गाउँपालिकाले तोकेको संस्था वा निकायको हुनेछ ।

(२) फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ, ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

(३) फोहरमैला ढुवानी सम्वन्धि कार्यविधि गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

२८. **फोहरमैला व्यवस्थापन स्थल:**

१. गाउँपालिकाले आफ्नो क्षेत्रभित्र संकलन गरेको फोहरमैलालाई व्यवस्थापन गर्न स्थायी रुपमा विसर्जन गर्नका लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधिनमा रहि फोहरमैला व्यवस्थापन स्थल (सेनेटरी ल्याण्फिल्ड साईट) तोक्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि गाउँपालिकामा उपयुक्त स्थल नभएमा जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ तर व्यवस्थापन स्थल तोक्दा खोला खोल्सी ताल नदी किनारामा तोक्नपाईने छैन ।

३. गाउँपालिकाले अन्य स्थानिय तहहरु सँग समन्वय गरी फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्न सक्नेछ ।

४. गाउँपालिकाले फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन सम्वन्धि कार्य तोकिएको वातावरणिय मापदण्ड अनुरुप गर्नु पर्नेछ ।

५. गाउँपालिकाको फोहरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले सम्वेदनशिल क्षेत्र घोषणा गर्न सक्नेछ ।

२९. **अनुमति सम्बन्धी व्यवस्था:**

यस ऐन बमोजिम गाउँपालिकाको अनुमति नलिई कसैले पनि व्यवसायिक रुपमा फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन पाउने छैन ।

## ३०. निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनको काम गराउन सकिने:

१. गाउँपालिकाले आवश्यकता अनुसार निजी, सामुदायिक वा गैरसरकारी संस्था मार्फत फोहरमैला व्यवस्थापन गराउन सक्नेछ।

२. उपदफा (१) बमोजिम गाउँपालिकाले फोहरमैला व्यवस्थापन गराउदा आर्थिक तथा प्राविधिक क्षमताको आधारमा देहायका कुनै काम वा सवै काम गराउन सक्नेछः-

क) फोहरमैला न्युनिकरणका लागि जनचेतना अभिवृद्धि,

ख) फोहरमैला सङ्कलन,

ग) फोहरमैला ढुवानी,

घ) फोहरमैलाको प्रयोग पुनः प्रयोग, चक्रिय प्रयोग वा प्रशोधन,

ङ) फोहरमैला विसर्जन।

## ३१. शौचालय निर्माण गर्नु पर्ने:

१. गाउँपालिकाका सबै घर परिवारले अनिवार्य रुपमा शौचालय प्रयोग गर्नुपर्नेछ।

२. गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका हाटबजार, मेला लाग्ने स्थान, टोल ,चोक जस्ता सार्वजनिक स्थलमा आवश्यकता अनुसार सार्वजनीक शौचालयको व्यवस्था गरी सञ्चालन कार्यविधि बनाई लागु गर्नेछ।

३. उपदफा (२) बमोजिम गाउँपालिकाले सार्वजनिक शौचालय निर्माण गर्दा लैङ्गिक, बाल तथा अपाङ्ग मैत्री हुनेगरी निर्माण गर्नु पर्नेछ।

४. गाउँपालिका भित्रका सबै विद्यालयहरुमा शौचालय सुविधाको व्यवस्था गर्नु पर्नेछ।

## ३२. सेवा शुल्क उठाउन सक्ने:

१. गाउपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति संस्था वा निकायवाट सेवा शुल्क उठाउन सक्नेछ।

२. उपदफा (१) बमोजिम गाउँपालिकाले शुल्कको निर्धारण गर्दा फोहरमैलाको परिमाण र प्रकृतिको आधारमा गर्नेछ।

३. उपदफा (१) बमोजिमको शुल्क गाउँपालिकाले आफै वा तोकेको सामुदायिक, गैरसरकारी संस्था वा नाफामुलक कम्पनी मार्फत उठाउन सक्नेछ।

४. फोहरमैला व्यवस्थापन शुल्कबाट प्राप्त आम्दानी गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता कोषमा राखि सो रकम फोहरमैलाको व्यवस्थापन सम्बन्धी कार्यमा खर्च गर्नुपर्नेछ।

## ३३. खानेपानी सरसफाइ तथा स्वच्छता इकाई वा शाखाको व्यवस्था:

१. गाउँपालिकामा खानेपानी सरसफाइ तथा स्वच्छता इकाई वा शाखा हुनेछ ।

२. उपदफा (१) बमोजिमको इकाई वा शाखामा गाउँपालिकाले आवश्यक जनशक्ती व्यवस्थापन गर्नेछ ।

## परिच्छेद–१०

## महशुल तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

## ३४. सेवा शुल्क वा महशुल उठाउन सक्ने :

१. उपभोक्ताले खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गरे वापतको सेवा शुल्क वा महशुल दफा (६) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२. उपदफा (१) बमोजिम निर्धारण गरीएको सेवा शुल्क तथा महशुल गाँउपलिका आफैले, उपभोक्ता समिति वा अनुमति प्राप्त संस्थाले उठाउन सक्नेछ ।

३. उपदफा (१) बमोजिम निर्धारण गरीएको सेवा शुल्क तथा महशुल नबुझाउने उपभोक्ताहरुलाई जरिवाना लगाउन सकिने छ साथै त्यस्तो रकम नबुझाउने उपभोक्ताहरुबाट प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

## परिच्छेद–११

## खानेपानी सेवा उपयोग सम्बन्धी व्यवस्था

## ३५. खानेपानी सेवा उपयोग गर्न प्राथमिकता दिने:

१. खानेपानी आपूर्तिकर्ताले निर्धारित आधारहरूको अधीनमा रही देहायका उपभोक्ताहरुलाई सेवा उपयोग गर्न प्राथमिकता दिनेछ :-

(क) विद्यालय, स्वास्थ्य चौकी, अनाथालय, बृद्धाश्रम, छात्रावास, प्रहरी चौकी, विपद् प्रभावित व्यक्ती/समुदाय वा अन्य कुनै प्राकृतिक प्रकोपको कारणले अस्थायी रूपमा खडा गरिएको शिविर,

(ख) सरकारी, अर्धसरकारी वा गैर सरकारी कार्यालय, कर्मचारीको आवास गृह, सामाजिक संस्था, धार्मिक संस्था सार्वजनिक शौचालय,

(ग) सर्वसाधारण नागरिकको आवास गृह,

(घ) अत्यन्त जरुरी सार्वजनिक महत्वको निर्माण कार्य,

(ङ) उद्योग तथा कारखाना र उद्योग तथा कारखानामा काम गर्ने कामदारहरू ।

२. उपदफा (१) बमोजिम बाहेक सेवा उपलब्ध गराउने प्राथमिकताको क्रम निर्धारण गर्दा पानी आपूर्तिकर्तालै गाउँपालिकासंग आवश्यक परामर्श गर्नेछ ।

३६. शर्तहरू तोक्ने :

१. खानेपानी आपूर्तिकर्ताले उपभोक्तालाई सेवा उपलब्ध गराउँदा, गाउँपालिकाले तोकेको शर्तहरू विपरीत नहुने गरी शर्तहरू तोक्न सक्नेछ ।

२. कुनै उपभोक्ताले उपदफा (१) विपरीत कुनै काम गरेमा पानी आपूर्तिकर्ताले त्यस्तो उपभोक्तालाई प्रदान गरेको सेवा कटौती गर्न सक्नेछ ।

३७. सेवा कटौती गर्न सक्ने :

१. **सेवा बन्द गर्न सक्ने**: देहायका अवस्थामा पानी आपूर्तिकर्ताले उपभोक्तालाई प्रदान गरेको सेवा बन्द गर्न सक्नेछः–

क. संरचनाको क्षमता भन्दा बढी परिमाणमा खानेपानीको माग भएमा,

ख. संरचना क्षतिग्रस्त भएमा वा हुने संभावना भएमा आवश्यक मर्मत सम्भार नगरेसम्म,

ग. स्रोतको पानी प्रदुषित भई वा अन्य कुनै कारणले स्वास्थ्यको दृष्टिकोणले उपयोगी नभएसम्म ।

**३. उपदफा (१) बमोजिम सेवा कटौती गर्दा पानी आपूर्तिकर्ताले गाउँपालिका र सम्वन्धित वडासँग अनुमति लिई गर्नु पर्नेछ ।**

३८. विपन्न वर्गको पहुँच सुनिश्चित गर्नुपर्ने :

१. पानी आपूर्तिकर्ताले उपलब्ध गराएको खानेपानी सेवामा विपन्न वर्गको पहुँच सुनिश्चित हुनुपर्नेछ ।

२. उपदफा (१) बमोजिम विपन्न वर्गको पहुँच सुनिश्चित गर्नका लागि सेवाप्रदायकले त्यस्तो विपन्न वर्गले तिर्नसक्ने गरी महशुल दर निर्धारण गनुपर्नेछ ।

३. पानी आपूर्तिकर्ताले खानेपानी सेवा उपलब्ध गराउदा विपन्न वर्गको पहुँच सुनिश्चित भए नभएको सम्बन्धमा दफा (६) बमोजिमको समितिले अनुगमन गर्न सक्नेछ ।

४. उपदफा (३) बमाजिम समितिले अनुगमन गर्दा पानी आपूर्तिकर्ताले उपलब्ध गराएको खानेपानी सेवामा विपन्न वर्गको पहुँच सुनिश्चित भएको नदेखेमा त्यस्तो वर्गको सहज पहुँच हुने गरी खानेपानी सेवा उपलब्ध गराउन सम्बन्धित पानी आपूर्तिकर्तालाई समितिले आवश्यक निर्देशन दिन सक्नेछ।

## परिच्छेद–१२

## दण्ड, जरिवाना, उजुरी

**३९. दण्ड सजाय :**

१) गाउँपालिकासंग स्विकृति नलिई कुनै पनि आपूर्तिकर्ताले खानेपानी प्रणाली सञ्चालन गरेमा गाउँपालिकाले कारवाही एवं जरिवाना गर्न सक्नेछ।

२) कसैले बदनियत पूर्वक पानीको मुहान, संरचना आदिमा क्षति पुग्ने काम गरेमा, बिगारेमा, भत्काएमा तथा कुनै पनि पदार्थ या रसायन प्रयोग गरी पानी प्रदुषित वा विषाक्त पारेमा गाउँपालिकाले प्रचलित कानुन बमोजिम कारबाही गर्न तथा बिगो असुलउपर गर्न सक्नेछ।

३) गाउँपालिकाले तोकिदिएको फोहरमैला व्यवस्थापन स्थलसम्म फोहर ढुवानी गर्दा अपनाउनुपर्ने विधि नअप्नाईएमा वा अटेर गरेमा गाउँपालिकाले आवश्यक कारवाहि एवं जरिवाना समेत गर्न सक्नेछ।

४) खानेपानी उपयोग मापक यन्त्र जडान भएका उपभोक्ताहरुले यन्त्रमा लगाएको सिल तोडेमा वा बिगारेमा नियमानुसार जरिवाना लगाउन सक्नेछ।

**४०. उजुरी तथा पुनरावेदन दिन सक्ने :**

१. आपुर्तिकार्ताले उपभोक्तालाई पानीको उपयोग गर्न नदिएमा, गुणस्तर कायम नगरेमा वा उपयोग सम्बन्धि विवाद भएमा, मर्का परेको व्यक्ति वा संस्थाले व्यहोरा खुलाई दफा (६) बमोजिमको समितिमा उजुरी दिन सक्नेछ।

२. उपदफा (१) बमोजिम उजुरी प्राप्त हुन आएमा दफा (६) बमोजिमको समितिले पानी आपुर्तिकर्ता र उजुरीकर्ता सँग छलफल गरी आवश्यक आदेश दिन सक्नेछ।

**४१. निरीक्षक :**

१) खानेपानी आपूर्तिकर्ताको निरीक्षण गर्न दफा (६) बमोजिमको समितिले निरीक्षक तोक्न सक्नेछ।

२) उपदफा (१) बमोजिम तोकिएको निरिक्षकले खानेपानी प्रणालीको निरिक्षण गरी समितिलाई निरिक्षण प्रतिवेदन बुझाउनु पर्नेछ ।

३) निरिक्षकको प्रतिवेदन अनुसार समितिले आपुर्तिकर्तालाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

४) उपदफा (३) बमोजिम समितिले दिएको आदेश तथा निर्देशन खानेपानी आपुर्तिकर्ताले पालना गर्नुपर्नेछ ।

## परिच्छेद–१३

## विविध

**४२. क्षतिपूर्ति माग गर्न सक्ने :**

१) यस ऐनको दफा (१४) को उपदफा (३) को प्रयोजनका लागि क्षतिपूर्ति निर्धारण गर्न दफा (६) बमोजिमको समिति वा समितिले गठन गरेको क्षतिपूर्ति निर्धारण समिति रहनेछ ।

२) क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरेको क्षतिपूर्ति दुवै पक्षलाई मान्य हुनेछ ।

३) क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरेको क्षतिपूर्तिको रकम अनुमतिपत्र प्राप्त व्यक्तिले सम्बन्धित व्यक्तिलाई तोकिएको समयावधि भित्र दिनुपर्नेछ ।

**४३. सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालन गर्ने :**

१) गाउँपालिकाले उपभोक्ता संस्था र विभिन्न स्थानीय समुदायसँग सहकार्य तथा समन्वय गरी बस्तिहरुलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न स्वास्थ्य तथा सरसफाइ र स्वच्छता सम्बन्धी विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्न वा गराउन सक्नेछ।

२. शौचालय निर्माण तथा प्रयोग नगर्ने परिवार वा व्यक्तिका लागि गाउँपालिका बाट प्राप्त हुने सेवामा अस्थायी रुपमा रोक लगाउन सक्नेछ ।

**४४. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने :**

१. यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

**४५. अनुसूचीमा हेरफेर :**

बर्दगोरिया गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सकिनेछ ।

**४६. अधिकार प्रत्यायोजनः**

१. गाउँपालिकाका अध्यक्षले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष वा कुनै सदस्य वा प्रमुख प्रशासकिय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२. यस ऐन बमोजिम प्रमुख प्रशासकिय अधिकृतलाई प्राप्त अधिकार मध्ये केहि वा सवै आँफु माताहतको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**४७. बचाउ तथा खारेजी :**

१. गाउँपालिकाले खानेपानी तथा सरसफाइका विषयमा यस अघि प्रचलीत कार्यविधि अनुसार गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

२. यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्कृय रहने छन् ।

आज्ञाले
प्रकास ढुंगाना
प्रमुख प्रशासकिय अधिकृत

प्रमाणीत गर्नेः
हस्ताक्षरः
नामः- कर्ण बहादुर कुवँर
पदः- बर्दगोरिया गाउँपालिका अध्यक्ष

प्रमाणित मितिः २०८१/०३/१०

प्रमाणित कानून पाना (पेज) संख्याः २३

अनुसूची १

**(ऐनको दफा ८ सँग सम्बन्धित) खानेपानीका मूल वा स्रोत दर्ता**

मिति :

श्री अध्यक्ष ज्यू
बर्दगोरिया गाउँपालिका, , कैलाली
महोदय,

हामीले --------------------- खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले जलस्रोत उपयोगलाई व्यवस्थित गर्न बनेका जलस्रोत नियमावली २०५० को दफा १२ बमोजिम खानेपानीको मूल दर्ता गराउन देहायको विवरण खुलाइ प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र रु.----------- दस्तुर सहित आवेदन दिएका छौं।

**विवरण:**

१. उपझोक्ता संस्थाको नाम :

२. कार्यक्षेत्र :

३. उद्देश्यहरू :

(क)

(ख)

**४. उपयोग गर्ने जलस्रोतको विवरण :**

(क) जलस्रोतको नाम र ठेगाना रहेको ठाउँ:

(ख) मूल वा स्रोतको उपयोगिता:

(ग) उपयोग गर्न चाहेको स्रोतको परिमाण:

(घ) मूल वा स्रोतको हाल भैरहेको उपयोग:

**५.उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :**

(क) सेवाको किसिम:

(ख) सेवा पुऱ्याउने क्षेत्र:

(ग) लाभान्वित हुने उपभोक्ताहरूको संख्या:

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना:

६. कुनै संघ सस्थाबाट सहयता व्यहोरिने भए सो सम्बन्धमा त्यस संस्थाले व्यक्त गरेको प्रतिबद्धता र तत्सम्बन्धी कागजातहरू संलग्न गर्नु पर्नेछ :

निवेदक,
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिने
नाम :
पद :
मिति

## अनुसूची २

### (दफा १० को उपदफा १०.१ सँग सम्बन्धित उपभोक्ता समिति दर्ताको लागि निवेदन)

मितिः

श्री अध्यक्ष ज्यू

बर्दगोरिया गाउँपालिका,

कैलाली।

महोदय,

खानेपानी नियमावली २०५५ को दफा ५ बमोजिम र बर्दगोरिया गाउँपालिका खानेपानी ऐन २०८० का दफा १४ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र रु........... दस्तुर सहित आवेदन दिएका छौँ।

**विवरणः**

१. उपझोक्ता संस्थाको नाम :

२. कार्यक्षेत्र :

३. उद्देश्यहरू :

४. कार्यालय (संस्था) को ठेगाना :

५. कार्यसमितिको सदस्यहरूको विवरण :

६. उपभोक्ता संस्थाको विधानमा देहायका कुराहरू खुलेको हुनु पर्नेछ (खानेपानी नियमावली–२०५५ बमोजिम)

(क) उद्देश्य तथा कार्य क्षेत्र,

(ख) सदस्यताका लागि योग्यता,

(ग) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि,

(घ) सदस्यताका अयोग्यता,

(ङ) साधारण सभाको गठन,

(च) साधारण सभाको अधिवेशन,

(छ) साधारण सभाको काम, कर्तव्य र अधिकार,

(ज) कार्यसमितिको गठन,

(झ) कार्यसमितिको बैठक,

(ञ) कार्यसमितिको काम, कर्तव्य र अधिकार,

(ट) पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार,

(ठ)निर्वाचन सम्बन्धी व्यवस्था,

(ड) अविश्वासको प्रस्ताव,

(ढ)आर्थिक स्रोत,

(ण) चलअचल सम्पत्तिको विवरण,

(त) कोष,

(ध) लेखापरीक्षण,

(न) विधानमा संशोधन,

(प) विनियम बनाउन सक्ने कुरा,

## अनुसूची - ३

**(दफा ११ को उपदफा ११.१ सँग सम्बन्धित उपभोक्ता संस्थादर्ता प्रमाणपत्र)**

दर्ता मिति :

दर्ता नम्बर :

मिति :

श्री.-----------------------------------------------------

-----------------------------------------------------

-----------------------------------------------------

----------------------------------------------------- (सम्बन्धित उपभोक्ता संस्थाको नाम) ------------------

-------- जलस्रोतको उपयोगलाई व्यवस्थित गर्न बनेका ऐन, २०८० को दफा ११ बमोजिम... .साल..............

महिना गतेमा यस

कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ, जलस्रोत ऐन, २०४९ र जलस्रोत नियमावली, २०५०

बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला।

प्रमाणपत्र दिने अधिकारीको

नाम :

पद :

कार्यालय :

मिति :

छाप :

दर्ता मिति :

दर्ता नम्बर :

## अनुसूची- ४

## दफा ८ को उपदफा ८.१ सँग सम्बन्धित मूलदर्ता प्रमाणपत्र

मिति :

श्री--------------------------------------------------

----------------------------------------------------

--------------------------------------

---------------------------------------------------- (सम्बन्धित उपभोक्ता संस्थाको नाम) -------------------

-----जलस्रोतको उपयोगलाई व्यवस्थित गर्न बनेका ऐन, २०८० को दफा ८ बमोजिम ----------- साल...............
महिना ............. गतेमा यस कार्यालयमा दर्ता गरी यो मूलदर्ता प्रमाणपत्र प्रदान गरिएको छ, जलस्रोत ऐन, २०४९ र जलस्रोत नियमावली, २०५० बमोजिम

आफ्नो कार्य सञ्चालन गर्नु होला।

प्रमाणपत्र दिने अधिकारीका

नाम :

पद :

कार्यालय :

मिति :

छाप :

## अनुसूची- ५

**(दफा ११ को उपदफा ११.१ सँग सम्बन्धित खानेपानी उपभोक्ता समिति नवीकरणको प्रमाणपत्र ढाँचा)**

खानेपानी उपभोक्ता समितिको नाम :

ठेगाना :

प्रमाणपत्र दर्ता नं. :

प्रमाणपत्र दर्ता मिति :

दर्ता नं.

नवीकरणको विवरण :

नवीकरण मिति :

नवीकरण बहाल रहने अवधि :

नवीकरण दस्तुर :

नवीकरण गर्ने अधिकारीको दस्तखत र छाप :

**दस्तखत**

नोट :

१) जुन आ.व. मा नवीकरण गरिएको हो सोहि आ.व. को आषाढ मसान्त सम्म मात्र बहाल रहने अवधि कायम हुनेछ।

२) खानेपानी उपभोक्ता समितिहरू नविकण गर्नको लागि खानेपानी जाँच गरेको रिपोर्ट अनिवार्य समावेश गरेको हुनु पर्दछ।

३) नवीकरण गर्दा प्रत्येक आ.व. समाप्त भएको ६ महिना भित्र गरिसक्नु पर्दछ।

४) आ.व. समाप्त भएको ६ महिना भित्र नवीकरण नगरेमा नियमानुसार विलम्ब दस्तुर लाग्नेछ।